काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९० ❐ शनिवार, १६ साउन, २०८३ ❐ Saturday, 1 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

राष्ट्रपति पौडेलले गरे प्रथम राष्ट्रपति र उपराष्ट्रपतिसँग छलफल



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १५ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले प्रथम पूर्वराष्ट्रपति डा. रामवरण यादव र प्रथम उपराष्ट्रपति परमानन्द झासँग भेटवार्ता गरेका छन् ।

दुवै जनालाई आज शीतल निवासमा बोलाएर राष्ट्रपति पौडेलले छलफल गरेका हुन् ।

भेटमा सुनसरीको देवानगञ्ज गाउँपालिकाको कप्तानगञ्ज लगायत तराई मधेशका विभिन्न जिल्लामा देखिएको विषम परिस्थितिबारे छलफल भएको जनाएको छ ।

उक्त घटनाप्रति चिन्ता व्यक्त गर्दै सदियौँदेखि रहिआएको सामाजिक, धार्मिक, जातीय सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता कायम सबैले पहल गर्नुपर्ने धारणा राखेका थिए ।

प्रथम राष्ट्रपति डा यादवले सरकारले यो विषम अवस्थामा सबै राजनीति दल, नागरिक समाज, धार्मिक अगुवा तथा आम नागरिकको साथ लिएर समस्या समाधान गर्ने क्षमता राख्नुपर्ने बताएका थिए ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

कर्णालीमा तीव्र गतिका कारण ६० प्रतिशत दुर्घटना

अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आव २०८२/०८३ मा सवारी दुर्घटनाको संख्या २३ प्रतिशतले बढ्यो

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १५ साउन

कर्णालीका पहाडी तथा दुर्गम सडकहरूमा दिनप्रतिदिन सवारी दुर्घटनाको जोखिम भयावह बन्दै गएको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको पछिल्लो तथ्याङ्क अनुसार कर्णाली प्रदेशमा हुने अधिकांश सवारी दुर्घटनाको मुख्य र प्रमुख कारण 'तीव्र गति' बनेको छ । अप्ठ्यारो भौगोलिक बनावट, साँघुरा घुम्तीहरू, जीर्ण सडक पूर्वाधार र सवारी चालकको चरम लापरबाहीका कारण कर्णालीका सडकहरूमा बर्सेनि सयौँ मानिसले अकालमा ज्यान गुमाउनुका साथै ठूलो संख्यामा मानिसहरू अङ्गभङ्ग र घाइते हुने गरेका छन् ।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले विभिन्न चेतनामूलक तथा नियन्त्रणमुखी प्रयासहरू गरिरहेको दाबी गरे पनि दुर्घटनाको ग्राफ भने निरन्तर उकालो लागिरहेको छ । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक (एसपी) मुकुन्दप्रसाद रिजालका अनुसार कर्णालीमा हुने कूल दुर्घटनामध्ये ६० प्रतिशतभन्दा बढी तीव्र गतिका कारण हुने गरेका छन् ।

अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा कर्णाली प्रदेशभर कूल १ हजार ८६ वटा सवारी साधन दुर्घटनामा परेका थिए । तीमध्ये ६ सय ४४ वटा दुर्घटना तीव्र गतिका कारण भएको ट्राफिक प्रहरीको तथ्याङ्कले देखाउँछ । यस्तै पछिल्लो आर्थिक वर्ष २०८२/०८३ मा आइपुग्दा दुर्घटनाको संख्या बढेर १ हजार १ सय ९७ पुगेको छ । यस वर्ष तीव्र गतिका कारण भएका दुर्घटनाको संख्या अझै बढेर ७ सय ७१ पुगेको छ ।

यी तथ्याङ्कहरूलाई विश्लेषण गर्दा कर्णाली प्रदेशमा समग्र सवारी दुर्घटनाको दर २३ प्रतिशतले वृद्धि भएको देखिन्छ । सडकमा सवारी साधनको उपस्थिति तीव्र रूपमा बढ्नु र गति नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन हुन नसक्नु नै दुर्घटना बढ्नुको प्रमुख कारण मानिएको छ ।

कर्णालीमा हुने सवारी दुर्घटनाको उमेरगत विश्लेषण गर्दा समाजका सबैभन्दा उत्पादनशील र सक्रिय उमेर समूहका युवाहरू बढी जोखिममा परेको देखिएको छ । प्रहरीको तथ्याङ्क अनुसार कर्णालीमा हुने कुल दुर्घटनाको ४४ प्रतिशत हिस्सा २६ देखि ४० वर्ष उमेर समूहका चालकहरूबाट हुने गरेको छ ।

उमेरको यो समूहका चालकहरूमा ओभरटेक गर्ने, तीव्र गतिमा गाडी चलाउने, मादक पदार्थ वा लागूऔषध सेवन गरेर सवारी चलाउने र सडक अनुशासनको पालना नगर्ने प्रवृत्ति बढी देखिएकाले यो उमेर समूहबाट दुर्घटना बढी हुने गरेको प्रहरीको निष्कर्ष छ ।



अग्रस्थानमा मोटरसाइकल

कर्णालीका सडकमा साना तथा ठूला विभिन्न प्रकारका सवारी साधनहरू सञ्चालनमा रहे पनि सबैभन्दा बढी दुर्घटनामा पर्ने सवारी साधनमा दुईपाग्रे मोटरसाइकल तथा स्कुटर अग्रस्थानमा रहेका छन् । आर्थिक वर्ष २०८२/०८३ को तथ्याङ्क अनुसार कर्णालीमा दुर्घटनामा परेका कूल सवारी साधनमध्ये ४७ प्रतिशत त केवल मोटरसाइकल र स्कुटर मात्र रहेका छन् । युवा पुस्तामाझ तीव्र गतिमा मोटरसाइकल हाँक्ने, हेल्मेटको उचित प्रयोग नगर्ने, र क्षमताभन्दा बढी मानिस बोकेर यात्रा गर्ने प्रवृत्तिका कारण यो सवारी साधन सबैभन्दा बढी दुर्घटनाग्रस्त बनेको हो ।

सवारी दर्ता १६ प्रतिशतले वृद्धि, मृत्युदरमा ३ प्रतिशतले कमी

कर्णाली प्रदेशमा सवारी साधनको चाप दिनप्रतिदिन बढ्दो छ । अघिल्लो आर्थिक वर्षको तुलनामा पछिल्लो आवमा सवारी साधन दर्तामा १६ प्रतिशतले वृद्धि भएको छ । गाडीको संख्या बढेसँगै सडकमा सवारीको चाप र दुर्घटनाको जोखिम पनि स्वतः बढेको छ ।

तथापि, समग्र दुर्घटना र घाइतेको संख्या बढे पनि अघिल्लो आर्थिक वर्षको तुलनामा मृत्यु हुनेको संख्यामा भने केही कमी आएको छ । आर्थिक वर्ष २०८१/०८२ मा दुर्घटनाका कारण १ सय ३९ जनाले ज्यान गुमाएका थिए । आर्थिक वर्ष २०८२/०८३ मा मृत्यु हुनेको संख्या घटेर १ सय २५ मा झरेको छ ।

अघिल्लो वर्षको तुलनामा मृत्युदरमा ३ प्रतिशतले कमी आएको एसपी रिजालले जानकारी दिए ।

दुर्घटनालगत्तै प्रहरीको सक्रियता, छिटो उद्धार र समयमै अस्पताल पुऱ्याएर उपचार गराउन सकिएका कारण मृत्युदरमा केही सुधार आएको मानिएको छ । तर घाइतेको संख्या भने वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा १ हजार ८६ जना घाइते भएकोमा आव २०८२/०८३ मा यो संख्या बढेर १ हजार ९७ पुगेको छ ।

ग्यास सिलिन्डर बोकेर लाइनको सकश



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १५ साउन

देशका विभिन्न ठाउँमा खाना पकाउने एलपीजी ग्यासको अभाव देखिन थालेको छ ।

बजारमा ग्यास अभाव भएपछि उपभोक्ताहरू ग्यास सप्लायर्सकहाँ लाइन लाग्न थालेका छन् ।

एक सिलिन्डर ग्यास पाउन उपभोक्ताले हप्ता दिनसम्म कुर्नुपर्ने बाध्यता भोग्नुपरेको छ ।

नेपाल आयल निगमले फागुन अन्तिमदेखि आधा सिलिन्डर ग्यास वितरण गरिरहेको थियो । असार अन्तिमदेखि भरी सिलिन्डर वितरण गर्न थालेपछि उपभोक्ताबाट माग बढी हुन थालेको हो । मुख्यतः यही कारणले गर्दा साउन पहिलो हप्तादेखि बजारमा ग्यास पाउन मुस्किल परेको छ ।

बजारमा उपभोक्ताले ग्यास नपाइरहँदा नेपाल आयल निगमले भने कुनै अभाव नरहेको दाबी गर्दै आएको छ । बालाजु औद्योगिक क्षेत्रमा रहेको नेपाल ग्यासमा सेवाग्राहीको लामो लाइन देखिएको छ

चिकित्सकका माग सम्बोधन गर्न तीन वटा कार्यदल गठन

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, १५ साउन

चिकित्सकसँग भएको सहमतिअनुसार, ऐन संशोधनका लागि सरकारले तीन वटा कार्यदल गठन गरेको छ । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको अग्रसरतामा चिकित्सकका माग सम्बोधन गर्न कार्यदल गठन गरिएका हुन् । नेपाल चिकित्सक संघसँग भएको सम्झौता कार्यान्वयनका खाका तयार गर्न प्रमुख स्वास्थ्य प्रशासक डा. यदुचन्द्र घिमिरेको नेतृत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदलका सदस्यमा उपसचिव राजेन्द्रप्रसाद लम्साल, स्वास्थ्य सेवा विभागका मेडिकल अधिकृत डा. राहुल झा, नेपाल चिकित्सक संघका डा. सञ्जिव तिवारी, डा. तेजसु सिंह मल्ल र डा. पल्पसा श्रेष्ठ सदस्य रहेका छन् । स्वास्थ्य मन्त्रालयमा मेडिकल अधिकृत डा. नवराज जोशीलाई सदस्य सचिव तोकिएको छ । यो कार्यदललाई संघसँग भएको सम्झौता कार्यान्वयनको खाका तयार गर्न १५ दिनको समय दिइएको स्वास्थ्य मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुंगानाले पठाएको पत्रमा उल्लेख छ । त्यस्तै, मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाका प्रमुख डा. रोशन न्यौपानेको नेतृत्वमा उपभोक्ता संरक्षण ऐन, २०७५ मा स्वास्थ्यसम्बन्धी विषयमा आवश्यक संशोधनका लागि कार्यदल गठन गरिएको छ । यसमा चिकित्सक संघका अध्यक्ष डा. बद्रि रिजाल, डा. विना श्रेष्ठ, डा. योगेश भण्डारीलाई सदस्य तोकिएको छ । त्यस्तै, कानुन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रतिनिधिलाई सदस्य राखिएको छ । यसमा स्वास्थ्य मन्त्रालयका कानुन अधिकृत जयकुमार सुवेदीलाई सदस्य सचिव तोकिएको छ । स्वास्थ्य मन्त्रालयले गठन गरेको तेस्रो कार्यदलमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ र मुलुकी अपराध संहिता, २०७४ मा स्वास्थ्यसँग सम्बन्धित दफामा आवश्यक संशोधनका लागि प्रतिवेदन बनाउने कार्यदल रहेको छ । स्वास्थ्य मन्त्रालयको उपचारात्मक सेवा महाशाखाका निर्देशक डा.। पवनजंग रायमाझीको नेतृत्वमा कार्यदल गठन गरिएको छ । कार्यदलका सदस्यमा वरिष्ठ नर्सिङ प्रशासक बाला राई, चिकित्सक संघका डा.विश्वराज दवाडी, डा. संयुक्त आचार्य र डा. राकेश शाह छन् ।



साहित्य

बाबा–आमाको सपना



✍ पद्मी राउत
सिम्ता गा.पा २ सुर्खेत

संसारमा सन्तानका लागि सबैभन्दा धेरै त्याग गर्ने व्यक्ति भनेका बाबा-आमा हुन् । उनीहरू आफ्ना इच्छा, रहर र खुसीलाई पनि सन्तानको भविष्यका लागि त्याग गर्न तयार हुन्छन् ।

सन्तानले राम्रो शिक्षा प्राप्त गरोस्, असल चरित्रको मानिस बनोस्, आत्मनिर्भर बनोस् र समाजमा सम्मानित स्थान प्राप्त गरोस् भन्ने नै प्रत्येक बाबा-आमाको सबैभन्दा ठूलो सपना हुन्छ । यही सपना पूरा गर्न उनीहरू दिनरात मेहनत गर्छन्, दुःख सहन्छन् र कहिल्यै हार मान्दैनन् ।

नेपालको एउटा सानो गाउँमा हरि र माया नामका श्रीमान्-श्रीमती बस्दथे । उनीहरू सामान्य किसान थिए । उनीहरूको आर्थिक अवस्था निकै कमजोर थियो ।

बिहान सबेरैदेखि बेलुकासम्म खेतबारीमा काम गर्दा पनि घरखर्च धान्न मुस्किल पर्थ्यो । तर उनीहरूका लागि सबैभन्दा ठूलो सम्पत्ति उनीहरूको छोरी आरती थिई ।

उनीहरू सधैँ भन्ने गर्थे, “हामीले धेरै दुःख पायौँ, तर हाम्रो छोरीले दुःख नपाओस् । उसले राम्रोसँग पढोस् र जीवनमा सफल बनोस् ।”

आरती सानैदेखि मेहनती, अनुशासित र पढाइमा लगनशील थिई । उसले बाबा-आमाको संघर्ष आफ्नै आँखाले देखेकी थिई ।

बाबाले खेतमा पसिना बगाएको, आमाले अरूको घरमा काम गरेर पैसा कमाएको र आफ्ना आवश्यकताभन्दा छोरीको पढाइलाई पहिलो प्राथमिकता दिएको दृश्यले उसको मन छुन्थ्यो । कहिलेकाहीँ घरमा खानाका लागि पनि पर्याप्त पैसा हुँदैनथ्यो । तर बाबाले कहिल्यै छोरीको विद्यालय शुल्क तिर्न ढिलाइ गर्नुभएन । आमाले आफ्नो लागि नयाँ लुगा नकिनेर छोरीका पुस्तक, कापी र विद्यालयको पोसाक किनिदिनुभयो ।

एक दिन विद्यालयमा सबै विद्यार्थीले नयाँ झोला बोकेर आएका थिए । आरतीको पुरानो झोला च्यातिएको थियो । उसले केही भनेकी थिइन, तर बाबाले त्यो देख्नुभयो ।

अर्को दिन बाबाले आफूलाई चाहिएको जुत्ता नकिनी छोरीका लागि नयाँ झोला ल्याइदिनुभयो ।

झोला हातमा लिँदै आरतीका आँखाबाट आँसु झरे । उसले मनमनै प्रण गरिन्, “म एक दिन सफल भएर बाबा-आमाको सबै दुःखको प्रतिफल दिनेछु ।”

त्यसपछि आरतीले अझ धेरै मेहनत गर्न थाली । बिहान चाँडै उठेर घरको काममा आमालाई सघाउँथी, विद्यालय जान्थी र राति अबेरसम्म पढ्थी ।

शिक्षकहरूले पनि उसको मेहनत र अनुशासनको प्रशंसा गर्थे ।

एसईई परीक्षामा उसले उत्कृष्ट नतिजा ल्याई । गाउँभरि उसको चर्चा भयो ।

सबैले हरि र मायालाई बधाई दिए । तर उनीहरूका लागि त्यो सफलताको सुरुवात मात्र थियो ।

उच्च शिक्षाका लागि शहर जानुपर्ने भयो । आर्थिक अवस्था कमजोर भएकाले खर्च जुटाउन बाबाले आफ्ना केही जग्गा बेच्नुभयो ।

आमाले वर्षौँदेखि जोगाएर राखेका गहना पनि बेच्नुभयो । उनीहरूले एउटै कुरा भन्नुभयो, “सम्पत्ति फेरि कमाउन सकिन्छ, तर शिक्षाको अवसर फेरि आउँदैन ।”

आरतीले बाबा-आमाको त्यागलाई कहिल्यै खेर जान दिइन । उसले निरन्तर मेहनत गरिरही र अन्ततः लोकसेवा परीक्षा उत्तीर्ण गरी सरकारी सेवामा राम्रो पद प्राप्त गरिन् ।

नियुक्तिपत्र हातमा लिएर जब उनी गाउँ फर्किइन्, बाबा-आमाका आँखामा खुसीका आँसु थिए । बाबाले छोरीलाई अँगालो हाल्दै भन्नुभयो, “आज हाम्रो सपना पूरा भयो ।” आमाले मुस्कुराउँदै भन्नुभयो, “हामीलाई संसारको सबैभन्दा ठूलो धन यही दिन हो ।”

जागिर पाएपछि आरतीले सबैभन्दा पहिले बाबा-आमाको राम्रो उपचार गराइन् ।

उनीहरूका लागि नयाँ घर बनाइन् र आरामदायी जीवनको व्यवस्था गरिन् ।

उनले गाउँका गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिन पनि सुरु गरिन् ।

उनी सधैँ भन्ने गर्थिन्, “आज म जे बनेकी छु, त्यो मेरो मेहनतभन्दा धेरै बाबा-आमाको त्याग, माया र आशीर्वादका कारण सम्भव भएको हो ।”

यो कथाले हामीलाई एउटा अमूल्य शिक्षा दिन्छ । बाबा-आमाको सपना केवल सन्तानले धेरै पैसा कमाओस् भन्ने मात्र होइन ।

उनीहरू आफ्ना सन्तान असल, इमानदार, जिम्मेवार र समाजका लागि उपयोगी नागरिक बनून् भन्ने चाहन्छन् ।

त्यसैले प्रत्येक सन्तानले बाबा-आमाको माया, त्याग र संघर्षको सम्मान गर्दै लगनशीलतापूर्वक अध्ययन गर्नुपर्छ, राम्रो आचरण अपनाउनुपर्छ र जीवनमा सफल भएर उनीहरूको सपना साकार पार्नुपर्छ ।

बाबा-आमाको सपना पूरा गर्नु नै सन्तानको सबैभन्दा ठूलो कर्तव्य, सबैभन्दा ठूलो सफलता र उनीहरूलाई दिन सकिने सबैभन्दा अमूल्य उपहार हो ।

पहिलो यात्रा



✍ सुनिता बस्नेत
लेकवेशी-१०, सुर्खेत

बिहानको नीरवतालाई चिर्दै झिसमिसेको पहिलो किरण गाउँको पाखामा ओर्लँदै थियो । सबिनाको आँखामा भने रातभरि निद्रा लागेको थिएन । पहाडको गाउँमा हुर्केकी सबिना शान्त र मिहिनेती स्वभावकी थिइन् । आज उनको जीवनको एउटा नयाँ अध्याय सुरु हुँदै थियो । गाउँको विद्यालयबाट उत्कृष्ट अङ्क ल्याएर माध्यमिक शिक्षा उत्तीर्ण गरेपछि, उच्च शिक्षाको सुनौलो सपना बुनेर आज सहर जाने यात्रा तय गरेकी थिइन् । त्यो घडी नजिकै आइपुग्दा उनको मनमा अत्यन्त पीडा र भावुकता उत्पन्न भएको थियो । सबिनाकी आमा धनमायाले आँसु भरिएका आँखा पुस्दै टीका लगाई सिरमा हात राखेर भन्नुभयो, “छोरी! बिरानो सहर जाँदै छौ, आफ्नो राम्रोसँग ख्याल राख्नु ।“ बुबा हरिप्रसादले कपडाको झोला सबिनाको काँधमा भिराउँदै गम्भीर स्वरमा भन्नुभयो, “राम्रोसँग जानु, कहिल्यै हार नखानु र धैर्यता नगुमाउनु; किनकि मानिसको सबैभन्दा ठूलो पहिचान र हतियार नै धैर्यता हो ।“ आमाबुवाको आशीर्वादले गर्दा सबिनाको त्रसित मनमा एउटा बलियो आत्मविश्वास जाग्यो ।

बाल्यकालदेखि नै टेक्दै, खेल्दै, हुर्किँदै आएको घरको आँगन, खेतबारीरडाँडाकाँडालाई नियाल्दा उनको मन भारी भएर आयो । दाइ रमेशले सामान बोकेर गाउँको तल बस आउने ठाउँसम्म पुऱ्याउन जानुभयो । बसबिसौनी पुगेपछि एकछिनमै बस आयो । रमेशले भन्नुभयो, “बहिनी, राम्रोसँग पढ्नु र हार कहिल्यै नखानु । केही पर्यो भने तुरुन्तै हामीलाई खबर गर्नु ।“ यति भन्दै उहाँले सबिनालाई बसको सिटसम्म लगेर बसाल्नुभयो । बिस्तारै बस इन्जिन हाँक्दै अघि बढ्न थाल्यो । सबिनाले बसको झ्यालबाट हात हल्लाउँदै दाइलाई हेरिरहिन् ।

उनले जीवनमा पहिलोपटकमानिसहरूको भीडभाडबीच यति लामो यात्रा गर्दै थिइन् । सबिना बसको झ्यालपट्टि कसिलो गरी झोला समातेर सिटमा बसेकी थिइन् । झ्यालबाट हेर्दा आफ्नो गाउँ बिस्तारै टाढिँदै र कुहिरोभित्र हराएको बादल झैँ देखियो । सबिनाको मनमा आमाबुबाको काख, दाइ, गाउँघर र साथीहरू छोड्नुको पीडा थियो । तर, भविष्यमा केही बन्ने दृढ सङ्कल्प र आशाको दियो पनि उनको मनमा बलिरहेको थियो । मनमा पलाएको त्यही दियो र सपना नै उनको यात्राको सार थियो ।

बस पहाडका घुम्तीहरू र साँघुरा सडकहरू पार गर्दै तीव्र गतिमा अगाडि बढ्न थाल्यो । बाटोभरि देखिएका हरियाली वन, खोलानाला र झरनाहरू हेर्दै सबिना टोलाइरहेकी थिइन् । प्रकृतिको यो अनुपम सौन्दर्य देख्दा उनलाई आफ्नो घर-आँगन र गाउँको याद आइरहेको थियो । यात्राकै क्रममा उनको सिटको छेउमा एकजना महिला बस्नुभएको थियो । सबिनाको मलिन र टोलाएको मुहार देखेर ती महिलाले स्नेहपूर्वक उनलाई केही कुरा सोध्नुभयो । सबिनालाई सुरुमा असजिलो लागे पनि पछि उनले आफ्ना सबै कुरा बताइन् । ती महिलाले पनि आफू विगतमा सहरमा बसेका अनुभवहरू सुनाइन् । त्यसपछि सबिनाको मन अलि हलुङ्गो भएजस्तो महसुस भयो ।

बिस्तारै बस यात्रा अगाडि बढिरहेको थियो । अन्ततः बस मुख्य बसपार्कमा पुग्यो । सहरमा झिलिमिली बत्ती र मानिसहरूको कोलाहल अत्यधिक थियो । सबिना बसबाट ओर्लिएर आफ्नो कोठातर्फ लागिन् ।

भोलिपल्ट उनी कलेजमा भर्ना भइन् र कलेज जान थालिन् । दैनिक रूपमा कलेज त जान्थिन्, तर उनलाई सहरमा खाना खर्च र किताबकापी किन्न निकै मुस्किल पर्थ्यो । घरबाट बुवाआमाले पठाएको थोरै पैसाले कति पो पुग्थ्यो र! सबिना कामको खोजीमा सहरका गल्ली, पसलहरू र कार्यालयहरूमा भौतारिन थालिन् । तर, जहाँ गए पनि “अनुभव चाहिन्छ“ वा “अहिले ठाउँ खाली छैन“ भन्ने जवाफ मात्र पाइन् । धेरै दिनसम्म पनि उनले काम पाउन सकिनन् । सहरको त्यो बिरानो ठाउँमा उनको पीडा र दुःख बुझ्नेदिने कोही थिएनन् ।

तर, उनले हार मानिनन् । “ढुङ्गाको काप फोरेर पिपल उम्रिन्छ“ भने झैँ सबिनाले ती सबै दुःख, अभाव र अपमानलाई आफ्नो ऊर्जा बनाउने सङ्कल्प गरिन् । उनले कलेजको पढाइलाई निरन्तरता दिइरहिन् । यसै क्रममा उनले एउटा संस्थामा न्यून तलबमै भए पनि काम पाइन् ।

सबिनाले आफ्नो दैनिक खर्च जुटाइन् र पढाइमा उत्तिकै मिहिनेत गरिरहिन् । “परिश्रमको फल सधैँ मिठो हुन्छ“ भन्ने उखान उनको जीवनमा साबित भयो । उनको अथक मिहिनेतका कारण लोकसेवा आयोगमार्फत बैंकको परीक्षामा उनी पहिलोपटकमै उत्तीर्ण हुन सफल भइन् ।

आज आफ्नो भव्य र सुरक्षित कार्यकक्षमा बसिरहँदा सबिनाको मनमा पुराना दुःखका क्षणहरू याद आए । उनले मनमनै विचार गरिन् ‘यदि त्यो दिन मैले आमाबुबा, दाइ र गाउँ छोडेर पहिलो यात्रा तय नगरेको भए र सहरको दुःख अनि अभावमा हार मानेको भए, आज म यो स्थानमा हुने थिएन ।’

“दुःखपछि सुखका दिन अवश्य आउँछन्“ भन्ने कुरा आज उनको जीवनको पहिलो यात्राले प्रमाणित गरिदिएको थियो । उनको त्यो पहिलो यात्रा र सहरको सङ्घर्ष नै वास्तवमा सफलताको सबैभन्दा बलियो जग बन्न पुग्यो ।

जोखिम सडक निर्माणले बस्ती संकटमा

काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, १५ साउन

त्रिवेणी गाउँपालिका छ बाँठाकोटको बस्तीका केहि घर पहिरोको उच्च जोखिममा रहेको छन् । त्रिवेणी गाउँपालिकाद्वारा ठेक्का लगाईएको खुरखुरे बाँठाकोट पटेरी ढुङ्गेघर सडक निर्माणको क्रममा बाँठाकोटमा खनिएको सडकको कारण चार घरपरिवार उच्च जोखिममा रहेका छन् ।



वर्षा लागेपछि सडक बनाउन थालेको र अधुरै छोडिदा पहिरोमा पुरिने डरले घर नै छोड्ने अवस्था आएको स्थानीय डिला खड्काले जानकारी दिए ।

उनका अनुसार सडक खन्नु अघि मेसीनरी वाल र जाली लगाएर घर जोगाउने आश्वासन दिईएतापनि अहिले डोजर लगाएर सडक खनिएको छ ।

लगातारको बर्षाको कारण सडकमा पहिरो झरेको छ भने सडकको माथिल्लो भागमा रहेका दुई घर सडकमा मिसिने जोखिम बढेको छ ।

खड्काले सडकको माथिल्लो तर्फका दुई घर र सडकको तल्लो भागमा रहेका दुई घर अहिले उच्च जोखिममा रहेको बताए कुनै पनि बेला पहिरोले पुरिने त्रासमा रहेकोले यसको समाधान गरिदिन उनले आग्रह गरेका छन् ।

स्थानीयवासी समेत रहेका शिक्षक कुबेर ओलीले पहिरोले सडक माथिल्लो तर्फका दुई घर खस्ने अवस्थामा रहेको र पहिरो झरेमा सडकको तल्लो भागका दुई घर पुरिने सम्भावना रहेको बताए । यसका साथै ठुला रुख र विद्युत पोलको कारण समेत थप जोखिम रहेको उनले जानकारी दिए । उनले स्थानीयहरु घर छोडेर अर्कैको घरमा आश्रय लिने अवस्था रहेकोले सम्बन्धित निकायले तत्कालै ध्यान दिएर थप विपदको जोखिमबाट मुक्त बनाउनु पर्नेमा जोड दिए ।

स्थानीयहरु डिल्ली ओली, यज्ञ ओली, डिला खड्का लगायतका घरहरु उच्च जोखिममा रहेका छन् । स्थानीयले जोखिममा रहेका घरहरुको संरक्षणका लागि तत्कालै रिटेनिङ वाल लगाउनुपर्ने रब्दाबन्दै अधुरो छोडिएको सडक पूर्ण रुपमा सम्पन्न गर्न माग गरेका छन् । यसका साथै जोखिममा रहेका परिवारको जीवन र बासस्थानको सुरक्षाको समेत माग गरेका छन् ।

यस बिषयमा त्रिवेणी गाउँपालिकाका उपाध्यक्ष राजकुमारी रेउलेले स्थानीयका घरहरु पहिरोको जोखिममा रहेको जानकारी रहेको तर जिम्मेवारी लिएको निर्माण कम्पनी बेखवर भएको बताए ।

ठेक्काको प्राविधिक स्टिमेटमा ती घरहरुको सुरक्षाको लागि बलियो वाल निर्माण गर्ने व्यवस्था नै रहेको तर काममा आलटाल गरिरहेको उनको भनाइ रहेको छ । तत्कालै पालिकाको तर्फबाट आवश्यक कदम चाल्ने समेत उनले जानकारी दिए ।

एक वर्षमा एक अर्ब ६३ करोडभन्दा बढीका कृषिजन्य वस्तु निकासी

काँक्रेविहार संवाददाता

सल्यान, १५ साउन

जिल्लाबाट गत आर्थिक वर्ष २०८२/०८३ मा एक अर्ब ६३ करोड रुपैयाँभन्दा बढी मूल्यका कृषिजन्य वस्तु बाहिरी जिल्लामा निकासी भएका छन् ।

कृषि विकास कार्यालय सल्यानका अनुसार एक वर्षको अवधिमा तिन लाख ५७ हजार दुई सय ३२ मेट्रिकटन विभिन्न कृषिजन्य उत्पादन बिक्री हुँदा एक अर्ब ६३ करोड ३६ लाख १६ हजार रुपैयाँ जिल्लामा भित्रिएको हो ।



कार्यालयका प्रमुख महेश आचार्यका अनुसार सबैभन्दा बढी मौसमी तथा बेमौसमी ताजा तरकारी निकासी भएको छ । गत वर्ष आठ हजार चार सय ८७ मेट्रिकटन ताजा तरकारी बिक्री हुँदा किसानले ४९ करोड ७६ लाख ९० हजार रुपैयाँ आम्दानी गरेका छन् । यसैगरी, चार हजार पाँच सय ८४ मेट्रिकटन सुन्तला, कागती र किवी बिक्रीबाट ३९ करोड ९२ लाख ३२ हजार रुपैयाँ आम्दानी भएको छ ।

फलफूलका तिन लाख २५ हजार पाँच सय ५० वटा बिरुवा (नर्सरी) बिक्रीबाट एक करोड ९४ लाख ६६ हजार रुपैयाँ प्राप्त भएको कार्यालयले जनाएको छ । त्यस्तै, एक हजार पाँच सय ५० मेट्रिकटन मकै तथा बीउ बिक्रीबाट चार करोड ९६ लाख रुपैयाँ आम्दानी भएको छ ।

अदुवा पनि जिल्लाको प्रमुख नगदे बालीका रूपमा रहेको छ । गत वर्ष आठ हजार चार सय सय ६५ मेट्रिकटन अदुवा निकासी हुँदा ४० करोड २० लाख ८७ हजार रुपैयाँ भित्रिएको छ । यस्तै, ९५ मेट्रिकटन बेसारबाट २२ लाख ५० हजार, दुई मेट्रिकटन अलैचीबाट ४० लाख ५० हजार, आठ हजार दुई सय ५० मेट्रिकटन आलुबाट २३ करोड ५० लाख ३० हजार, नौ मेट्रिकटन महबाट ९० लाख तथा तिल, भाङ्गो, सिमी, भटमास र बदाम गरी एक सय ७० मेट्रिकटन उत्पादन बिक्रीबाट २० लाख १० हजार रुपैयाँ आम्दानी भएको छ ।

सल्यानमा उत्पादन भएका कृषिजन्य वस्तु मुख्य रूपमा दाङ, बुटवल, नेपालगञ्ज, पोखरा र काठमाडौंलगायतका बजारमा बिक्री हुने गरेका छन् । यद्यपि उत्पादनमा सामान्य वृद्धि भए पनि आम्दानी भने घटेको तथ्यांकले देखाएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा तिन लाख ५५ हजार पाँच सय ९३ मेट्रिकटन कृषिजन्य वस्तु निकासी हुँदा एक अर्ब ६९ करोड १० लाख चार हजार रुपैयाँ आम्दानी भएको थियो । त्यसको तुलनामा गत आर्थिक वर्ष उत्पादन एक हजार छ सय ३९ मेट्रिकटनले बढे पनि आम्दानी चार करोड ६४ लाख ८८ हजार रुपैयाँले घटेको कृषि विकास कार्यालयका प्रमुख महेश आचार्यले जानकारी दिए ।

उनका अनुसार बजार मूल्यमा आएको गिरावटका कारण उत्पादन बढ्दा पनि किसानको कुल आम्दानीमा कमी आएको हो ।

लिमीमा बाढीले पुल र ग्याबिन बगायो

काँक्रेविहार संवाददाता

हुम्ला, १५ साउन

जिल्लाको उत्तरी क्षेत्र नाम्खा गाउँपालिका छ स्थित हिमालपारिको गाउँ लिमीको तील गाउँमा आएको आकस्मिक बाढीले पुल र ग्याबिन संरचना बगाएको छ ।

बिहीबार राति माथिल्लो क्षेत्रबाट लेदोसहित आएको बाढीले तिलजुङ खोलामाथि निर्माण गरिएको पुल तथा खोलाको किनार संरक्षणका लागि बनाइएको ग्याबिन बगाएको हो ।

प्रहरी नायब निरीक्षक शंकर खड्काका अनुसार वर्षापछि तिलजुङ खोलामा अचानक पानीको बहाव बढेर बाढी आएको थियो ।

बाढीको जोखिम बढेपछि स्थानीय बासिन्दालाई राति नै सुरक्षित स्थानका रूपमा गाउँ नजिकै रहेको गुम्बामा सारिएको उनले जानकारी दिए ।

रातिको समयमा घटना भएकाले तत्काल प्रहरी टोली घटनास्थल पुग्न नसकेको र शुक्रबार बिहानबाट टोली घटनास्थलतर्फ गएको प्रहरीले जनाएको छ ।

बाढीबाट भएको क्षतिको विस्तृत विवरण भने अझै आउन बाँकी रहेको छ । स्थानीयका अनुसार पछिल्ला केही दिनदेखि लिमी क्षेत्रमा लगातार वर्षा भइरहेको छ ।



वर्षा हुने र रोकिने क्रम चलिरहेकाले खोलामा पानीको सतह बढेको हो । गत वर्ष असारमा पनि हिमताल फुटेर सोही क्षेत्रमा बाढी आएको थियो । यसपटक पनि उस्तै प्रकृतिको बाढी आएपछि स्थानीयले हिमताल फुटेको हुन सक्ने आशंका गरेका छन् ।

स्थानीय मिग्मार लामाका अनुसार बाढीपछि गाउँका सबै बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । हालसम्म मानवीय क्षति नभएको र सबै स्थानीय सुरक्षित रहेको उनले बताए ।

दुर्गम क्षेत्रमा पर्ने लिमीमा यातायात तथा सञ्चार सुविधा सीमित भएकाले क्षतिको वास्तविक अवस्था पत्ता लगाउनसमेत कठिनाइ भइरहेको छ । स्थानीय प्रशासनले घटनाको अनुगमन गरी आवश्यक सहयोग र व्यवस्थापनको तयारी गरिरहेको जनाएको छ ।

भत्ता लिन ज्येष्ठ नागरिकलाई सास्ती

काँक्रेविहार संवाददाता

जाजरकोट, १५ साउन

नलगाड नगरपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणको नयाँ व्यवस्थाका कारण ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिले सास्ती खेप्नुपरेको छ ।

सामाजिक सुरक्षा भत्ता वितरणको जिम्मा पाएको एनआइसी एसिया बैङ्कले लाभग्राही स्वयं उपस्थित भएर मात्र भत्ता बुझ्नुपर्ने व्यवस्था लागू गरेपछि धेरै सेवाग्राही समस्यामा परेका हुन् ।

बैङ्कका अनुसार लाभग्राहीको मृत्यु भइसकेपछि पनि संरक्षकले भत्ता बुझ्ने गरेको उजुरी प्राप्त भएपछि भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउन यस्तो निर्णय गरिएको हो ।

यसअघि धेरै स्थानमा संरक्षकमार्फत पनि भत्ता वितरण हुँदै आएको थियो ।

नलगाड नगरपालिका चारका वडाध्यक्ष बद्रीबहादुर पन्तले नयाँ व्यवस्थाले विशेष गरी हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई ठूलो समस्या सिर्जना गरेको बताए ।



उनका अनुसार धेरै लाभग्राही बैङ्कसम्म पुग्न अरूको सहारामा निर्भर छन् । भौगोलिक विकटता, यातायातको अभाव र शारीरिक अवस्थाका कारण उनीहरूलाई भत्ता लिन निकै कठिन भइरहेको छ ।

नगरपालिकाको पञ्जीकरण शाखाका प्रमुख भीमबहादुर वलीले भत्ता वितरणमा अनियमितता रोक्न बैङ्कले कडाइ गरेको जानकारी दिए । उनले ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा पूर्ण रूपमा अशक्त व्यक्तिका लागि भने बैङ्कका कर्मचारी घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको बताए ।

अन्य लाभग्राहीले भने अनिवार्य रूपमा बैङ्कमै उपस्थित भएर भत्ता बुझ्नुपर्ने व्यवस्था कायम छ ।

स्थानीयवासी तथा जनप्रतिनिधिले भत्ता वितरणमा पारदर्शिता आवश्यक भए पनि ज्येष्ठ नागरिक र अशक्त व्यक्तिको अवस्थालाई ध्यानमा राखी थप सहज र सेवामैत्री व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

उनीहरूले वास्तविक लाभग्राहीलाई दुःख नहुने गरी आवश्यक पहिचान र प्रमाणीकरणका वैकल्पिक उपाय अपनाउनुपर्नेमा जोड दिएका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

अविरल वर्षाले सडक अवरुद्ध, कहाँ-कहाँ प्रभावित छन् राजमार्ग ?

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, १५ साउन

लगातारको वर्षासँगै आएको बाढी, पहिरो र सडक कटानका कारण देशका विभिन्न स्थानमा सवारी आवागमन प्रभावित भएको छ।

नेपाल प्रहरीले बिहीबार सार्वजनिक गरेको विवरणअनुसार केही प्रमुख सडक पूर्ण रूपमा बन्द भएका छन् भने केही सडकमा जोखिम न्यूनीकरणका लागि निश्चित समयमा मात्र सवारी सञ्चालन गर्न दिइएको छ ।

प्रहरीका अनुसार बाढीको जोखिम बढेपछि काभ्रेपलाञ्चोक र सिन्धुली जोड्ने बिपी राजमार्गको खुर्कोट-नेपालथोक-कटुन्जेबँसी सडक खण्डमा बेलुका छ बजेदेखि बिहान चार बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

त्यस्तै, जोखिमका कारण कान्तिलोकपथमा पनि बेलुका पाँच बजेदेखि बिहान पाँच बजेसम्म सवारी आवागमन बन्द गरिएको छ।

लगातारको वर्षाका कारण इलाम नगरपालिका नौ स्थित मेची राजमार्ग हिलाम्मे भएपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका क्षेत्रमा पर्ने अरनिको राजमार्गको जिरोकिलो र कोदारी क्षेत्रमा पहिरो खसेपछि यातायात ठप्प भएको छ। यसैगरी दोलखाको तामाकोशी गाउँपालिका पाँच किर्नेटारमा खोलाको बहावले लामासाँघु-रामेछाप सडक कटान गरेपछि आवागमन रोकिएको छ।

रसुवाको उत्तरगया गाउँपालिका पाँच खाल्टेमा त्रिशूली नदीले पासाङ ल्हामु सडक कटान गर्दा सडक बन्द भएको छ।

ललितपुरको बागमती गाउँपालिका तिन स्थित कान्तिलोकपथमा सुक्खा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ भने जाजरकोट-डोल्पा सडक खण्डअन्तर्गत मूलपानीखोलामा आएको बाढीले सडक कटान गर्दा यातायात सञ्चालन हुन सकेको छैन।

नेपाल प्रहरीले वर्षायाममा बाढी, पहिरो र सडक कटानको जोखिम उच्च हुने भएकाले यात्रा गर्नुअघि सडकको पछिल्लो अवस्थाबारे जानकारी लिन र आवश्यक सतर्कता अपनाउन यात्रुलाई आग्रह गरेको छ।

लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरि पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
- शरिर ढाक्ने कपडा लगाऔं,
- सुत्दा झुल टाँगेर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

नेपाल सरकार

विज्ञापन बोर्ड

वीरेन्द्रनगरमा फोहोर व्यवस्थापनको समस्या फेरि बल्झियो

❐ **काँक्रेविहार संवाददाता**

वीरेन्द्रनगर, १५ साउन



वीरेन्द्रनगरमा फोहोर व्यवस्थापनको दीर्घकालीन समाधान हुन नसक्दा समस्या फेरि चर्किएको छ। उचित व्यवस्थापन नभएको भन्दै वीरेन्द्रनगर एकका स्थानीयले चेतावनीस्वरूप फोहोर बोक्ने गाडी करिब एक सातासम्म बीच बाटोमै रोकेका थिए।

स्थानीयका अनुसार नगर क्षेत्रबाट संकलित फोहोर बस्ती, सडक किनारा, खोला र कृष्ण सामुदायिक वन क्षेत्रमा जथाभाबी फालिँदा दुर्गन्ध फैलिएको, वातावरण प्रदूषित भएको तथा जनजीवन प्रभावित बनेको छ।

स्थानीय रमा गिरी, पवन थापा र खगिसरा गिरीले नगरपालिकाले वर्षौंदेखि उठाइएका माग बेवास्ता गरेको आरोप लगाए। कुहिने र नकुहिने फोहोर नछुट्याई वन क्षेत्रमा फालिँदा वनस्पति र वन्यजन्तुसमेत प्रभावित भएको उनीहरूको भनाइ छ।

वीरेन्द्रनगर एक स्थित कृष्ण सामुदायिक वनमा निर्माणाधीन ल्याण्डफिल्ड साइट लामो समयदेखि अधुरै छ। २०६७ सालदेखि प्रक्रिया सुरु भए पनि जग्गा प्राप्ति, इआईए, डीपीआर तथा पहुँच मार्ग निर्माणमा ढिलाइ हुँदा फोहोर व्यवस्थापन थप जटिल बनेको स्थानीयको गुनासो छ।

ल्याण्डफिल्ड साइटसम्म पुग्ने सडक जीर्ण भएकाले फोहोर बोकेका गाडी बीच बाटोमै फोहोर फाल्ने गरेको आरोपसमेत लगाइएको छ।

फोहोर व्यवस्थापन संघर्ष समितिका संयोजक बलभद्र पुरीले सम्झौताअनुसार काम नगरेको भन्दै नगरपालिकाको आलोचना गरे।

स्थानीयले फोहोर व्यवस्थापन व्यवस्थित गर्न, वडा नं. एकमा फोहोर उठाएको शुल्क नलिन, पहुँच मार्ग कालोपत्रे गर्न, गंगटे खोलामा पुल निर्माण गर्न तथा तोकिएको स्थानमै फोहोर विसर्जन गर्न माग गरेका छन्।

वडा अध्यक्ष दिनेश खत्रीका अनुसार केही सहमतिपछि बुधबारदेखि फोहोर बोक्ने गाडी सञ्चालनमा आएको छ। प्रतिनिधिसभा सदस्य रमेश सापकोटाले स्थानीयका माग जायज रहेको भन्दै चालु आर्थिक वर्षमै योजना कार्यान्वयनका लागि पहल गर्ने बताए। नगरप्रमुख मोहनमाया ढकालले भने फोहोर व्यवस्थापनको दिगो समाधानका लागि दीर्घकालीन योजना कार्यान्वयनमा जोड दिइएको बताइन्।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/१६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नरबहादुर विष्ट** धनी रहेको, **दर्ता नम्बर** ९३६४/०७८/०७९ बाट **भेरीगंगा-११ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **विष्ट खाजा नास्ता घर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/१६

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सात्विक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री कर्णबहादुर सुनार** धनी रहेको, **दर्ता नम्बर** १००२/०७४/०७५ बाट **वीरेन्द्रनगर-६ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **न्यू भेरी कर्णाली ज्वैलर्स** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)